## अन्तरीम जेलसुधार योजना



१ (क) अबउप्रान्त जन्मकैद भन्नाले बीसवर्ष कैद गर्ने। जेलमा असल चालचलन र राम्रो काम गरेमा त्यसबाट पनि बढीमा ५ पाँच वर्षसम्म कैद सजाय कट्टी गर्ने

(ख) २००८ साल वैशाख १ गतेसम्म २० बीस वर्ष कैद सजाय भोगिसकेका जन्म वा २० बीस वर्षभन्दा बढी कैद सजाय ठेकिएका कैदीहरुलाई तुरुन्त छाड्ने।

२ २००८ साल वैशाख १ गतेसम्म पन्द्र वर्ष कैद सजाय भोगिसकेका जेलमा असल चालचलन देखाएका जन्म वा २० बीस वर्ष भन्दा बढ्ता कैद सजाय ठेकिएका कैदीहरूलाई पनि तुरुन्त छाड्ने

३ २००८ साल वैशाख १ गतेसम्म आफ्नो सजायको आधा सजाय, भोगिसकेका २ दुई वर्ष वा सोभन्दा बढी कैद सजाय ठेकिएका ज्यानमारा डकैती र जबर्जस्ती करणी गर्नेबाहेकका कैदीहरूलाई जेलमा असल चालचलन देखाएको भए तुरुन्तै छाड्ने।

४ २००८ साल वैशाख १ गतेसम्म मुद्दा फैसला नभै २ दुई वर्ष वा सोभन्दा बढी थुनामा परिरहेका कैदीहरुको मुद्दा हेरी गृहमन्त्र्यालयको तजबीजले छाड्न योग्यलाई छोड्ने र छुटेकाको मुद्दा पनि तजबीजले खारेज गर्ने

५ भरमुलुकमा आधुनिक र प्रगतिशील तरीकाले जेलको बन्दोबस्त गर्ने त्यसो गर्न केही समय लाग्दछ, यस विषयको राम्रो जाँचबुझ नभएसम्मलाई देहायका अन्तरिम सुधारहरू तुरुन्त लागू गर्ने,

(क) जेलभित्रका कैदीहरूमध्ये (१) खतरनाक या हिंसात्मक कैदी (२) भाग्ने डर भएका कैदी (३) आत्महत्या गर्ने प्रयत्न गर्ने कैदीलाई बाहेक अरूलाई नेल हतकडी इत्यादि नलगाउने,

(ख) कैदीहरु "क" र "ख" दुई श्रेणीमा बाँड्ने शिक्षा या रहनसहनले ठूलो औकातमा बस्ने बानी परेकालाई "क" श्रेणीमा र बाँकी अरूलाई "ख" श्रेणीमा राख्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर मिचाहा बानी परेका पटके या अपराध गर्ने बानी प-
रेका या नैतिक पतन था निष्ठुरता या कडा या पूर्वआयोजित
हिंसाका दोषीहरू "क" श्रेणीमा नराख्ने

नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ सालअनुसार मुकद्दमा
नचलाई नजरबन्द राखिएका कैदीहरूलाई साधारण तवरले "क"
श्रेणीमा राख्ने । तर मिचाहा बानी परेकालाई यस श्रेणीमा नराख्ने

(ग) जेलभित्र सरसफाइको बन्दोबस्त सुधार्ने हानिकारक कीरा नाश
गर्ने डी डी टी मट्टी तेल आदिको प्रयोगद्वारा चुन लगाउने नाल
ढल आदिको सफाइ बरु राम्रो गर्ने

(घ) खाने पानीको बन्दोबस्त सुधार्ने भरमुलुकका जेल हेर्दा हाललाइ
१० टीववेल र २० ईनार थप चाँहिने देखिएकोले सो बनाइदिने

(ङ) कैदीहरुको खाना सुधार्ने सरकारले क श्रेणीका कैदीलाइ खान
जनही एकदिनको पहाडतर्फलाई डेढ माना असल चाँमल र पचास पैसा,
तराइलाई तीनपाउ असल चाँवल र आठ आना, ख श्रेणीका
कैदीको खानामा पहाडलाइ जनही दिनको डेढमाना चाँवल र
सोन्ह पैसा, तराइलाइ तीन पाउ चाँवल र तीनआना खर्च दिने।

(च) हरेक कैदीले सुत्ने कोठामा खाना पकाउँदा फोहर अस्वास्थ्य-
कर हुने हुनाले छुट्टै ठाउँमा सामूहिक तवरले पकाउने प्रबन्ध गर्ने

(छ) कैदीहरूको औषधि र चिकित्साको राम्रो प्रबन्ध गर्ने

(ज) कैदीहरू बस्ने ठाउँमा बत्तीको राम्रो प्रबन्ध गर्ने

(झ) सबै कैदीहरूलाई देहायका सुविधाहरू दिने

॥। "क" श्रेणीका कैदीहरुलाइ

(१) एक उत्तरदायी जेल अफिसरको रेखदेखमा
हप्ताको १ पटक आफ्ना मित्रहरु र नाताहरुसँग भेट
मुलाकात गर्न दिने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( २ ) हप्ताको २ चिठी पठाउन र निजलाइ आएका सबै चिठी लिन दिने

( ३ ) सरकारले इजाजत दिएका अखबार र म्यागजीन किताबहरु आफ्ना मित्र तथा नातादारहरुबाट ल्याउन दिने

॥। ( ख ) श्रेणीका कैदीहरुलाइ

( १ ) हप्ताको १ पटक उत्तरदायी जेलअफिसरको रेखदेखमा आफ्ना साथीहरु तथा नातादारहरुसँग भेट मुलाकात गर्न दिने

( २ ) हप्तामा १ चिठी पठाउने र २ चिठी लिन दिने

( ३ ) सरकारले इजाजत दिएका अखबार र म्यागजीन किताबहरु आफ्ना मित्र तथा नातादारहरुबाट ल्याउन दिने

( ६ ) ४ दफामा लेखिएको कुरालइई कैदीहरु कुन कुन मुद्दामा के कति दिनसम्म थुनिएकोहो सो सबै कुरा खुलाई रिपोट पठाई दिने

(७) ५ दफाको ।३। को ।१ को ।२। र २ को २ मा लेखिएका चिठी पठाउने र लिने दिने बारेमा सो चिठी लिदा दिदा खुला गरी लिने दिने गर्नु

(८) ५ दफाको (घ) मा ट्यूबेल र इनार राख्ने लेखिएकोमा यो यो जिल्ला ठाउँमा राख्ने भन्ने माथिप निकासा मै आउनेछ

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना

वैशाख शुदि पूर्णिमाका दिन सदर मोफसलका सारा अड्डालाई बिदा हुने सवाल भएको छ

ज्यूडिसियल सेक्रेटरी गृहविभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोरखापत्र छापाखानाबाट प्रकाशित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।